～ बासिन्दा संघमा सामेल नहुनु भएका महानुभावहरुमा अनुरोध !! ～

# बस्न योग्य शहर बनाउनको लागि

# बासिन्दा संघमा सामेल होऔं !

**तोचिगी नगरपालिका**

**बासिन्दा महासंघ**

**बासिन्दा संघ**



बासिन्दा संघ भनेको, नगरको कुनै एक क्षेत्रमा बसोबास गर्ने नागरिकहरुले आफ्नो स्वेच्छाले संगठित भै व्यवस्थापन गर्ने समूह हो / यसमा सहभागी सदस्यहरुको सदस्यता-शुल्कले संचालन हुने यो संघले, सार्वजनिक सम्बन्ध तथा पर्यावरण सुन्दरताको निर्माण आदि, बस्न योग्य नगर निर्माणको उद्देष्य लिई, वीभिन्न क्रियाकलाप हरु संचालन गरिरहेकोछ / हाल, तोचिगी नगरमा लगभग ४७० ओटा बासिन्दा संघहरु छन् र धेरै जसो घर-परिवारहरु यसमा सामेल छन् / आपत् परेको बेलामा भरपर्न सकिने छिमेकी नै हुन् / वीभिन्न क्रियाकलापहरुबाट, एक-आपसमा सहयोगी भावनाको सम्बन्ध निर्माण गर्दै, बस्न योग्य नगर निर्माणको लागि, सबै घर-परिवारका महानुभावहरुलाई यसमा सामेल हुनुहोला भन्ने आशा राखिएकोछ / सबै मिलेर वासिन्दा संघको क्रियाकलापहरु संचालन गरौं /

**सामेल हुने प्रक्रिया र सम्पर्क गर्ने निकाय**

बासिन्दा संघको नाम ______________________________

सम्पर्क अधिकारीको नाम ______________________________

सम्पर्क गर्ने निकाय ______________________________

# बासिन्दा संघले, बस्न योग्य नगर निर्माण गर्ने उद्देष्यले निम्नलिखित क्रियाकलापहरु गर्दछ !

## सार्वजनिक सम्पर्क

नगरबाट प्रकाशित बुलेटिनहरु र वीभिन्न जानकारीहरु बासिन्दा संघद्वारा वितरण गरि, काइरान (परिपत्र) वितरण गरि, सबै बासिन्दा संघका सदस्यहरुलाई वीभिन्न जानकारीहरु प्रदान गर्ने गरिन्छ ।

## अपराध/प्रकोप रोकथाम

अँध्यारा सडकहरुमा सुरक्षा बत्तीको लागि नगरपालिकासंग समन्वय गर्ने र विनाशकारी प्रकोप (भूकंप /बाढी-पैरो) बारे स्थानीय स्तरमा प्रकोप रोकथाम सम्बन्धि प्रशिक्षणहरु प्रदान गरिने कार्यक्रमहरु संचालन गरिन्छ ।





## पर्यावरण सुन्दर बनाउने क्रियाकलाप

फोहोर व्यवस्थापनको लागि 「गोमि स्टेशन」को व्यवस्था र त्यसको व्यवस्थापन गर्नुका साथै, खोला र पार्कको सरसफाई आदि गरि सुन्दर नगर निर्माण कार्य संचालन गरिन्छ ।

## मित्रता र आदान-प्रदान

`स्वस्थ युवा विकाको लागि बाल-समिति गतिविधी र 「बृद्ध समाज 」「खेलकूद पर्व」「संस्कृति महोत्सव」「महोत्सव」आदि संचालन गरि, जुनसुकै उमेरका व्यक्तिहरु पनि स्वतन्त्र रुपले एकआपसमा भेटघाट तथा कुराकानी गर्नसक्ने अवसर बनाउने काम गरिन्छ ।

